परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : १५७ पृष्ठ ४ २०८२ चैत्र १५ गते आईतवार 29March, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




### नेतृत्व खोज्दै बर्दिबासका व्यापारी

## चुनावी सरगर्मीसँगै असन्तुष्टि र विवाद चर्कियो




● टक नेपाल

महोत्तरी बर्दिबास उद्योग वाणिज्य संघको आसन्न निर्वाचनको मिति नजिकिँदै जाँदा यहाँका उद्योगी तथा व्यवसायीहरू नेतृत्वको खोजीमा सक्रिय भएका छन्। व्यवसायिक हकहितको प्रतिनिधित्व गने साझा संस्था भनिएको संघ पछिल्ला दिनमा विवाद र असन्तुष्टिको केन्द्र बन्दै गएको छ। विशेषगरी करिब २५०० मतदाता रहेको भनिएको संस्थामा ठूलो सङ्ख्यामा वास्तविक व्यापारीहरूलाई मताधिकारबाट वञ्चित गरिएको आरोपले निर्वाचन प्रक्रियाको पारदर्शितामाथि प्रश्न उठाएको छ।

स्थानीय व्यवसायीहरूका अनुसार संघलाई साझा संस्था बनाउनुभन्दा पनि राजनीतिक प्रभावमा सञ्चालन गने प्रवृत्ति बढेको छ, जसका कारण साना तथा मध्यम व्यवसायीको आवाज ओझेलमा परेको छ। विगतका निर्वाचनमा गरिएका प्रतिबद्धताहरू कार्यान्वयन नहुँदा व्यापारीहरूमा निराशा छ। यसपटक बर्दिबासका व्यापारीहरूले स्पष्ट रूपमा तीनवटा अपेक्षा अघि सारेका छन्– पारदर्शी निर्वाचन, सबै सदस्यलाई समान अधिकार, र कर एवं बजार व्यवस्थापन जस्ता समस्या समाधान गर्न सक्ने सक्षम नेतृत्व।

आगामी २४ गते हुने निर्वाचनका लागि मुख्य दुई प्यानलबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ। एक प्यानलको नेतृत्व उत्तमकुमार श्रेष्ठले गरेका छन् भने अर्को प्यानलको नेतृत्व दिपक कार्कीले गरिरहेका छन्। श्रेष्ठ प्यानलबाट वरिष्ठ उपाध्यक्षमा नारायण घिमिरे, द्वितीय उपाध्यक्षमा उमेश महतो र महासचिवमा शैलेश दाहाल लगायतको टिम चुनावी मैदानमा छ। त्यस्तै, कार्की प्यानलबाट वरिष्ठ उपाध्यक्षमा रञ्जितराज ढुंगाना, द्वितीय उपाध्यक्षमा रामनाथ साह र महासचिवमा केदार गौतम लगायतका उम्मेदवारहरू प्रतिस्पर्धामा छन्।

यसैबीच, प्यानल बाहिरबाट द्वितीय उपाध्यक्ष पदका लागि हिमांशु कुमार संचेती (अंकित) को एकल उम्मेदवारी परेको छ भने केही वडा प्रतिनिधिहरू निर्विरोध निर्वाचित भइसकेका छन्। बर्दिबास जस्तो व्यापारिक केन्द्रमा उद्योग वाणिज्य संघ केवल औपचारिक संस्था मात्र नभई व्यवसायीहरूको साझा र बलियो आवाज बन्नुपर्ने माग अहिले चौतर्फी रूपमा उठेको छ।

## सिरहामा खर्बुजाको सिजन सुरु



● टक नेपाल

सिरहामा खर्बुजाको सिजन सुरु भएको छ। हाल जिल्लाका गोलबजार, मिर्चैया र लहान लगायतका फलफूल बजारमा भारतका विभिन्न राज्यबाट ल्याइएका खर्बुजा बिक्री भइरहेको हो।

स्थानीय व्यापारी विजय साहका अनुसार अहिले बजारमा भारतको महाराष्ट्र, आन्ध्रप्रदेश र मध्यप्रदेशबाट खर्बुजा आयात भइरहेको छ। सिजनको सुरुवाती चरण भएकाले हाल प्रतिकिलो ५० देखि ५५ रुपैयाँसम्ममा बिक्री भइरहेको उनले बताए।

व्यापारीहरूका अनुसार नेपाली खर्बुजा बजारमा आउन अझै करिब एक महिना लाग्नेछ। नेपालमै उत्पादन सुरु भएपछि मूल्य केही घट्ने अपेक्षा गरिएको छ।

यता किसानहरूले भने उत्पादन ढिला हुने चिन्ता व्यक्त गरेका छन् । सिरहा र धनुषा जोड्ने कमला नदीको बगरमा खर्बुजा खेती गर्दै आएका स्थानीय किसान धनिकलाल महतोले समयमा मलखाद र उन्नत जातको बीउ नपाउँदा ढिला बिरुवा रोप्नु परेको बताए । यसका कारण उत्पादनमा ढिलाइ हुने र बजारमा नेपाली खर्बुजा आउन समय लाग्ने उनको भनाइ छ।

स्थानीय उत्पादन ढिलो हुँदा उपभोक्ताले केही समयसम्म आयातित खर्बुजामै निर्भर रहनुपर्ने देखिएको छ । सिरहा र धनुषा जोड्ने कमला नदीको बगरमा करिब ५० हेक्टर भूभागमा खर्बुजा खेती गर्दै आएको कृषि ज्ञानकेन्द्र सिरहाको प्रमुख नरेन्द्रकुमार महासेठ बताए ।






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### पर्यावरण संकट

पश्चिम नेपालको एउटा सानो गाउँबाट सुरु भएको प्रकृतिसँगको आत्मीय सम्बन्धले हामीलाई एउटा गहिरो सन्देश दिन्छ– पर्यावरण केवल जीवनको आधार होइन, हाम्रो अस्तित्वको सार हो। बाल्यकालमा वनजङ्गल, खेतबारी, पशुपन्छी र माटोसँग घुलमिल भएर हुर्किएको अनुभवले प्रकृतिप्रतिको सम्मान र जिम्मेवारीको भावना स्वतः विकास गराउँछ तर आधुनिकतासँगै बढ्दो लोभ, अव्यवस्थित शहरीकरण र प्राकृतिक स्रोतहरूको अन्धाधुन्ध दोहनले पर्यावरण सन्तुलनलाई गम्भीर चुनौती दिएको छ

पूर्वीय दर्शनले पञ्चमहाभूत–पृथ्वी, जल, वायु, अग्नि र आकाश–लाई जीवनको आधार मानेर तिनको संरक्षणलाई कर्तव्य ठानेको छ। वेद, पुराण र धार्मिक परम्पराले प्रकृतिलाई पूजनीय मानेर संरक्षणको सन्देश दिएका छन्। तर आज हामी त्यही ज्ञानलाई बेवास्ता गर्दै प्रदूषण, वन विनाश, जलस्रोतको दोहन र जलवायु परिवर्तनतर्फ अग्रसर भइरहेका छौँ।

सामान्य वृक्षरोपण मात्रले होइन, समग्र जीवनशैली परिवर्तन गरेर मात्र पर्यावरण संरक्षण सम्भव छ। नीति, व्यवहार र चेतनास्तरमा परिवर्तन अपरिहार्य छ। प्रकृतिसँगको सन्तुलन बिग्रिए मानव जीवन संकटमा पर्ने निश्चित छ।

अतः समयमै सचेत हुँदै परम्परागत ज्ञान र आधुनिक उपायलाई समेटेर पर्यावरण जोगाउनु आजको प्रमुख आवश्यकता हो। प्रकृतिको रक्षा नै मानवताको रक्षा हो। जयतु पर्यावरणम्।

# मधेशबाट साढे सतासी हजार विद्यार्थी एसइईमा सहभागी हुँदै

• टक नेपाल । रौतहट





चैत १९ बाट सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) मा मधेश प्रदेशबाट ८७ हजार ५९१ जना विद्यार्थी सहभागी हुने भएका छन् । शिक्षा विकास निर्देशनालय मधेश प्रदेशका सूचना अधिकारी थानेश्वर यादवका अनुसार परीक्षाका लागि प्रदेशभर २९९ वटा परीक्षा केन्द्र तोकिएको छ भने एक हजार ३१६ विद्यालयका विद्यार्थी यसमा सहभागी हुने छन् ।

सूचना अधिकारी यादवका अनुसार परीक्षालाई व्यवस्थित बनाउन २९९ जना केन्द्राध्यक्ष, ४३३ जना सहायक केन्द्राध्यक्ष, चार हजार २३५ जना निरीक्षक, ७३४ जना परीक्षा सहायक तथा एक हजार ६०३ जना कार्यालय सहयोगी खटाइने भएको छ। यस्तै चार हजार ४८५ जना सुरक्षाकर्मी परिचालन गरिने उहाँले बताउनुभयो ।

उहाँका अनुसार मधेश प्रदेशका आठ जिल्लामध्ये धनुषाबाट सबैभन्दा बढी विद्यार्थी एसइईमा सहभागी हुने छन् । धनुषाका २०३ विद्यालयका १३ हजार २६२ विद्यार्थी परीक्षामा सहभागी हुने उहाँले जानकारी दिनुभयो । सबैभन्दा कम सप्तरीबाट १६२ विद्यालयका नौ हजार २७६ विद्यार्थी परीक्षामा सहभागी हुने सूचना अधिकारी यादवले बताउनुभयो । निर्देशनालयले दिएको तथ्याङ्क अनुसार सिराहाबाट ११ हजार ३८, महोत्तरीबाट ११ हजार ३५१, सर्लाहीबाट ११ हजार ३७१, रौतहटबाट नौ हजार ७७७, बाराबाट १० हजार ८१३ र पर्साबाट १० हजार ७०३ विद्यार्थी परीक्षामा सहभागि हुने छन् ।

निर्देशनालयको तथ्याङ्क अनुसार अघिल्लो वर्षको एसइईको तुलनामा यस वर्ष एक हजार २६७ विद्यार्थी कम छन् । अघिल्लो वर्ष  ८८ हजार ८५८ विद्यार्थी सहभागी थिए ।

शिक्षा विकास निर्देशनालय जनकपुरका निर्देशक महेन्द्र महतोले परीक्षाको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिँदै परीक्षालाई मर्यादित, अनुशासित र निष्पक्ष रूपमा सम्पन्न गराउन आठ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला परीक्षा समन्वय समितिमार्फत निरीक्षण तथा अनुगमन गरिने तयारी गरिएको जानकारी दिनुभयो ।   निर्देशक महतोले मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्रलगायतका निकायको समन्वयमा प्रदेशस्तरीय अनुगमन टोली गठन गरी परीक्षा व्यवस्थापनलाई प्रभावकारी बनाइने तयारी भएको बताउनुभयो ।












# समानुपातिक व्यवस्था स्थापनामा माओवादी आन्दोलनको भूमिका

● टक नेपाल

नेपालमा अहिले समानुपातिक प्रणाली र समानुपातिक समावेशी व्यवस्थाबारे सबै जानकार छन् । राजनीतिक वृत्तमा होस वा गैरराजनीतिक दुबै वृत्तमा यसबारे जानकारी र चर्चा नभएको सायदै होला । अझ विशेषगरी हालै सम्पन्न प्रतिनिधि सभाको नयाँ निर्वाचनपछि यसको चर्चा झनै चुलिएको छ ।

नेपालको आधुनिक राजनीतिक इतिहासमा समावेशिता, प्रतिनिधित्व र राज्य संरचनाको पुनर्संरचना सम्बन्धी बहसलाई संस्थागत रूप दिने प्रमुख शक्तिमध्ये माओवादी आन्दोलन अग्रपंक्तिमा पर्छ । विशेषगरी ०५२ सालदेखि सुरु भएको जनयुद्ध र त्यसपछि विकसित राजनीतिक प्रक्रियाले नेपालमा समानुपातिक प्रतिनिधित्व, समावेशी लोकतन्त्र, संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता जस्ता ऐतिहासिक एजेन्डाहरूलाई राष्ट्रिय राजनीतिको केन्द्रमा ल्यायो ।

आज नेपालमा संघीय संसददेखि स्थानीय तहसम्म लागू भएको समानुपातिक तथा समावेशी प्रतिनिधित्वको व्यवस्था कुनै आकस्मिक राजनीतिक निर्णयको परिणाम होइन । यो लामो संघर्ष, बहस, विद्रोह र राजनीतिक दबाबको उपज हो । यस सन्दर्भमा नेपालमा समानुपातिक व्यवस्था स्थापनामा माओवादी आन्दोलनको भूमिका अत्यन्त महत्त्वपूर्ण, ऐतिहासिक र निर्णायक रहँदै आएको छ ।

नेपालमा माओवादी आन्दोलनभन्दा अघि नेपालको राज्य संरचना मूलतः केन्द्रीकृत, एकात्मक, उच्च जाति-पुरुष-शासक वर्ग केन्द्रित थियो । ३० वर्षे दलविहीन पञ्चायती व्यवस्थाका विरुद्ध ०४६ मा भएको पहिलो ऐतिहासिक जनआन्दोलनबाट बहुदलीय व्यवस्था पुनर्स्थापित भए पनि राज्यका प्रमुख निकायहरू- संसद्, प्रशासन, सेना, न्यायपालिका, विश्वविद्यालय, सार्वजनिक सेवा सबैमा सीमित वर्ग, समुदाय र क्षेत्रको वर्चस्व कायम थियो ।

दलित, जनजाति, मधेसी, मुस्लिम, थारु, पिछडिएका क्षेत्र, महिला तथा श्रमिक वर्गको प्रतिनिधित्व अत्यन्त न्यून थियो ।

त्यस समय निर्वाचन प्रणाली मुख्यतः प्रत्यक्ष बहुमतमा आधारित भएकाले जनसंख्याको विविधता र सामाजिक संरचनाको यथार्थ प्रतिनिधित्व हुन सकेन । जसको परिणामस्वरूप धेरै समुदायहरू राजनीतिक रूपमा अदृश्य जस्तै बने । यही संरचनागत बहिष्करणले वैकल्पिक राजनीतिक शक्तिको आवश्यकता जन्मायो, जसलाई माओवादी आन्दोलनले सङ्गठित रूप दियो ।

माओवादी आन्दोलन र समावेशी एजेन्डा

०५२ फागुन १ गते सुरु भएको नेकपा (माओवादी) को जनयुद्ध केवल सत्ता परिवर्तनका लागि मात्र थिएन । त्यसले राज्यको चरित्र नै परिवर्तन गर्ने लक्ष्य बोकेको थियो । माओवादी आन्दोलनले प्रारम्भदेखि नै वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक र सांस्कृतिक उत्पीडनलाई नेपाली राज्यको मूल समस्या भनेर पहिचान गऱ्यो ।

माओवादी आन्दोलनले सुरुदेखि नै केवल शासक फेर्ने होइन, राज्य सञ्चालनको आधारभूत नियमहरू बदल्ने कुरा उठायो । यही सोचले बहुदलीय प्रतिस्पर्धालाई मात्र पर्याप्त नठानी समावेशी प्रतिनिधित्वको आवश्यकतालाई स्थापित गराई दियो ।

यस आन्दोलनले नेपाली समाजका सीमान्तकृत समुदायलाई राजनीतिक आन्दोलनको केन्द्रमा ल्यायो । ग्रामीण गरिब, दलित, आदिवासी जनजाति, मधेसी, महिला, पिछडिएका भेगका युवाहरू आन्दोलनमा ठुलो सङ्ख्यामा सहभागी भए । यसले पहिलो पटक राज्य र राजनीतिको प्रश्नलाई कसले शासन गर्ने ? भन्दा पनि कसको प्रतिनिधित्वसहितको शासन हुने ? भन्ने प्रश्नमा रूपान्तरण गऱ्यो । यहीँबाट समानुपातिक प्रतिनिधित्वको वैचारिक आधार बलियो बन्यो ।

माओवादी आन्दोलन सुरु हुनुअघि त्यसको मुख्य आधार विन्दु तत्कालीन शेरबहादुर देउवा नेतृत्वको सरकारलाई जनमोर्चाको नामबाट बुझाइएको ४० बुँदे माग पत्रमा 'समानुपातिक निर्वाचन प्रणाली' शब्द प्रयोग नगरिए पनि त्यसमा समावेश गरिएका जातीय, क्षेत्रीय, लैङ्गिक र वर्गीय समानता, स्थानीय स्वायत्तता, उत्पीडित समुदायको अधिकार, राज्यको पुनर्संरचना जस्ता मागहरू रहेका थिए, जसले पछि समानुपातिक व्यवस्थाको दार्शनिक र राजनीतिक जग निर्माण गऱ्यो ।

अर्थात्, माओवादी आन्दोलनले सुरुदेखि नै केवल शासक फेर्ने होइन, राज्य सञ्चालनको आधारभूत नियमहरू बदल्ने कुरा उठायो । यही सोचले बहुदलीय प्रतिस्पर्धालाई मात्र पर्याप्त नठानी समावेशी प्रतिनिधित्वको आवश्यकतालाई स्थापित गराई दियो ।

शान्ति प्रक्रिया र समानुपातिक व्यवस्था

२०६२/०६३ को जनआन्दोलन, संसदीय सात राजनीतिक दल र विद्रोही माओवादीबिच भएको १२ बुँदे समझदारी र त्यसपछि भएको विस्तृत शान्ति सम्झौता नेपालमा समानुपातिक व्यवस्थाको औपचारिक प्रवेशको निर्णायक मोड थियो ।

माओवादी आन्दोलनले शान्ति प्रक्रियामा प्रवेश गर्दा प्रमुख मागहरूमध्ये एक थियो- संविधानसभाको निर्वाचन र त्यसका लागि समावेशी तथा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गने ' निर्वाचन प्रणाली । यसले पुरानो संसदीय ढाँचालाई चुनौती दियो ।

शदिऔँदेखि उत्पीडनमा पारिएका लिङ्ग र समुदायले पहिलो पटक संसदमा यथेष्ट सहभागिता पाए । यसको प्रमाणको रूपमा ०६४ को संसदमा महिलाको प्रतिनिधित्वले दिन्छ । ०४८, ०५१ र ०५६ सालका संसदीय चुनावहरूमा महिला प्रतिनिधित्व क्रमशः केवल २.९, ३.४ र ५.८ प्रतिशतको हाराहारीमा मात्र सीमित थियो ।

फलस्वरूप, ०६४ सालको संविधानसभा निर्वाचनमा नेपालले पहिलो पटक मिश्रित निर्वाचन प्रणाली अपनायो । एकातिर प्रत्यक्ष निर्वाचित प्रणाली, अर्कोतिर दलले प्राप्त मतका आधारमा समानुपातिक प्रतिनिधित्व । यही ऐतिहासिक निर्णयले नेपालमा समानुपातिक व्यवस्थालाई संवैधानिक-राजनीतिक अभ्यासको रूपमा संस्थागत गऱ्यो ।

शदिऔँदेखि उत्पीडनमा पारिएका लिङ्ग र समुदायले पहिलो पटक संसदमा यथेष्ट सहभागिता पाए । यसको प्रमाणको रूपमा ०६४ को संसदमा महिलाको प्रतिनिधित्वले दिन्छ । ०४८, ०५१ र ०५६ सालका संसदीय चुनावहरूमा महिला प्रतिनिधित्व क्रमशः केवल २.९, ३.४ र ५.८ प्रतिशतको हाराहारीमा मात्र सीमित थियो ।

यो तथ्यांकले पुरानो निर्वाचन प्रणालीले समाजको आधा आकाशको पनि प्रतिनिधित्व गराउन नसकेको देखाउँछ । ०६४ सालमा भएको संविधानसभा निर्वाचनमा महिला प्रतिनिधित्व ३२.८ प्रतिशत पुग्यो । कुल ६०१ मध्ये १९७ जना महिला संविधानसभामा पुगेका थिए । ५७५ निर्वाचितमध्ये १९१ महिला र मनोनीत २६ मध्ये ६ महिला थिए ।

संविधानसभामा सीमान्तकृत समुदायको उपस्थिति

०६४ सालको पहिलो संविधानसभा निर्वाचन नेपालको इतिहासकै सबैभन्दा समावेशी प्रतिनिधित्व भएको राजनीतिक संरचना बन्यो । महिला, दलित, जनजाति, मधेसी, मुस्लिम, पिछडिएका क्षेत्रका प्रतिनिधिहरू ठुलो सङ्ख्यामा संविधानसभामा पुगे ।

संविधानसभामा महिलाको ३२.८ प्रतिशतका अलावा दलित समुदायको प्रतिनिधित्व ८.१७ प्रतिशत, आदिवासी/जनजाति समुदायको प्रतिनिधित्व ३३.३९ प्रतिशत, मधेसी प्रतिनिधित्व ३४.०९ प्रतिशत, पिछडिएको क्षेत्रको प्रतिनिधित्व ३.८३ प्रतिशत रहन गयो ।

यो परिवर्तनको मुख्य कारण माओवादी आन्दोलनले निर्माण गरेको राजनीतिक दबाब थियो । परम्परागत निर्वाचन ढाँचा कायम रहने हुन्थ्यो भने संसदमा यो स्तरको प्रतिनिधित्व सम्भव थिएन । माओवादीले आन्दोलन, वार्ता र जनदबाबमार्फत यस्तो व्यवस्था सुनिश्चित गऱ्यो, जसले बहिष्कृत समुदायलाई संसद् र संविधान निर्माण प्रक्रियामा प्रत्यक्ष पहुँच दियो ।

विशेष गरी महिलाको प्रतिनिधित्वमा भएको वृद्धि, दलित र जनजाति समुदायको उपस्थितिमा आएको विस्तार, मधेसी समुदायको राजनीतिक सशक्तीकरण सबैको योग स्वरुप समानुपातिक प्रणाली स्थापित भएको हो ।

नयाँ संविधान र समावेशिता

नेपालको नयाँ संविधानले राज्यका सबै अंगहरूमा समावेशी समानुपातिक प्रतिनिधित्वको सिद्धान्तलाई स्थापित गरेको छ । संघीय संसदको प्रतिनिधिसभामा प्रत्यक्ष र समानुपातिक दुवै प्रणालीको मिश्रण, राष्ट्रिय सभामा विविध समुदायको प्रतिनिधित्व, प्रदेशसभा तथा स्थानीय तहमा महिला र दलितको अनिवार्य उपस्थिति आदि प्रावधानहरू माओवादी आन्दोलनले उठाएको समावेशी राज्यको अवधारणासँग प्रत्यक्ष सम्बन्धित छन् ।

संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, सामाजिक न्याय, समावेशी आयोगहरूको व्यवस्था, आरक्षणसम्बन्धी अवधारणा सबैमा माओवादी आन्दोलनले उठाएको मुद्दाको प्रभाव स्पष्ट झल्किन्छ । विशेषगरी, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता भन्ने अवधारणा नेपाली संवैधानिक इतिहासमा क्रान्तिकारी मोड हो ।

नेपालमा जनता नै सार्वभौम हुन् भन्ने मान्यतासहित संविधान निर्माणमा जनताको स्पष्ट सहभागिता हुने गरी संविधानसभा, मिश्रित निर्वाचन प्रणाली, समावेशी संवैधानिक प्रावधान, संघीय संरचना यी सबैलाई व्यवहारमा ल्याउन माओवादी आन्दोलनले प्रत्यक्ष भूमिका खेलेको हो ।

माओवादी आन्दोलनले इतिहासदेखि राज्यले वञ्चितिरकणमा पारेको लिङ्ग, क्षेत्र र समुदायलाई विशेष प्रतिनिधित्वको आवश्यक पर्छ भन्ने बहसलाई मुख्यधारमा ल्यायो । माओवादी आन्दोलनको यो वैचारिक योगदान हो । माओवादीले सशस्त्र संघर्ष, जनआन्दोलन, सडक दबाब, वार्ता र राजनीतिक गठबन्धनमार्फत पुरानो राज्य संरचनालाई परिवर्तनका लागि बाध्य बनाएकै हो ।

नेपालमा जनता नै सार्वभौम हुन् भन्ने मान्यतासहित संविधान निर्माणमा जनताको स्पष्ट सहभागिता हुने गरी संविधानसभा, मिश्रित निर्वाचन प्रणाली, समावेशी संवैधानिक प्रावधान, संघीय संरचना यी सबैलाई व्यवहारमा ल्याउन माओवादी आन्दोलनले प्रत्यक्ष भूमिका खेलेको हो ।

यद्यपि, समानुपातिक व्यवस्था पूर्ण रूपमा आदर्श छ भन्ने होइन । समानुपातिक समावेशी व्यवस्था स्पष्ट रूपमा संविधानमा लेखिएको भएतापनि व्यवहारमा अझै पनि दलका सीमित समूहको नियन्त्रणमा रहेको, समानुपातिक सूची बनाउँदा पक्षपात भएको, समुदायको वास्तविक प्रतिनिधिभन्दा पहुँचवालाको चयन भएको, समावेशितालाई केवल सङ्ख्यात्मक रूपमा सीमित गर्ने प्रवृत्ति बढेको जस्ता विकृति छन् । जेनजी आन्दोलनपछि हालै सम्पन्न निर्वाचनमा पनि यसको यही रुप झल्कियो ।

माओवादी स्वयं पनि सत्ता राजनीतिमा प्रवेश गरेपछि कतिपय अवस्थामा आफूले उठाएका एजेन्डाहरूलाई पूर्ण निष्ठासाथ कार्यान्वयन गर्न नसकेको भनेर आलोचना भयो । यद्यपि तत्कालीन माओवादी पार्टी अहिले विभिन्न पार्टी र दल मिसिएर नेपाली कम्युनिस्ट पार्टी बनिसकेको छ । समानुपातिक प्रतिनिधित्वलाई जनआधारित सशक्तीकरणभन्दा कहिलेकाहीँ दलको कोटा व्यवस्थापनमा सीमित बनाइएको गुनासो पनि छ ।

तर, यावत कमजोरीहरूका बाबजुद समानुपातिक व्यवस्था गलत हो भन्ने निष्कर्ष निकाल्न मिल्दैन । बरु, यसलाई अझ पारदर्शी, उत्तरदायी र समुदायमुखी बनाउन यसमा थप कठोर व्यवस्था र सुधारको आवश्यक छ ।

नेपालमा समानुपातिक प्रणाली स्थापनाको इतिहास हेर्दा माओवादी आन्दोलनलाई बेवास्ता गरेर कुनै पनि निष्कर्षमा पुग्न सकिँदैन । यस आन्दोलनले नेपाली राज्यको केन्द्रीकृत, बहिष्करणकारी र एकाधिकारवादी संरचनामाथि गम्भीर प्रश्न उठायो । यसले सीमान्तकृत समुदायको आवाजलाई राष्ट्रिय राजनीतिमा स्थापित गऱ्यो । संविधानसभा, समावेशी लोकतन्त्र, मिश्रित निर्वाचन प्रणाली र संवैधानिक समानुपातिक सिद्धान्त–यी सबै उपलब्धिहरूमा माओवादी आन्दोलनको निर्णायक छाप छ ।

आज नेपालमा दलित, जनजाति, मधेसी, महिला, मुस्लिम, थारु, पिछडिएको क्षेत्र र अन्य बहिष्कृत समुदायले राज्यका निकायमा जुन स्तरको प्रतिनिधित्व पाएका छन् । त्यो विगतको तुलनामा ऐतिहासिक प्रगति हो । यो प्रगतिको आधार निर्माण गर्ने राजनीतिक शक्ति र आन्दोलनमध्ये माओवादी आन्दोलन सबैभन्दा अग्रणी रहेको छ भन्न हिच्किचाउनु पर्दैन ।

यसर्थ, नेपालमा समानुपातिक व्यवस्था केवल कानुनी प्रावधान होइन; यो बहिष्कृतहरूको लामो संघर्षको राजनीतिक उपलब्धि हो । र, त्यस संघर्षलाई संस्थागत रूप दिने सबैभन्दा प्रभावशाली शक्ति माओवादी आन्दोलन नै थियो । अबको चुनौती भनेको यस व्यवस्थालाई अझ गुणस्तरीय, जनउत्तरदायी र वास्तविक समावेशी बनाउनु कसरी बनाउने भन्ने नै हो ।

अहिले जसरी करिब दुई तिहाई सिट एउटै पार्टीलाई जनताले दिएका छन् त्यसबाट बनेको सरकारले समानुपातिक प्रणालिभित्र देखिएका कमी कमजोरी हटाएर यसलाई थप सुदृढ र परिष्कृत गर्नुपर्ने दायित्व उसको काँधमा आई पुगेको छ ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

☞ २४ सं घण्टा इमजेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ EndosocopyDiode Laser सेवा
☞ विभिन्न ेगहरुको विशेषज्ञ डाक्टहरुद्धा उत्कष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



# मधेस प्रहरी हाई अलर्टमा



● टक नेपाल

देशमा उत्पन्न राजनीतिक गतिविधिलाई मध्यनजर गर्दै मधेसमा उच्च सतर्कता अपनाउन प्रहरी हेड क्वाटरको निर्देशक भएको छ। पूर्व प्रधानमन्त्री केपी ओली तथा पूर्व गृहमन्त्री रमेश लेखक पक्राउ परेपछि प्रहरी मुख्यालयले मधेस प्रहरीलाई हाइ अलर्टमा बस्न सकुर्लर जारी गरेको छ।

शनिबार बिहानदेखि नै हाइ अलर्टमा रहन सर्कुलर भएको मधेस प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ। प्रदेश प्रहरी कार्यालयका प्रमुख गोविन्द थपलियाका अनुसार आजदेखि गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयमार्फत हाई अलर्टमा बस्न सर्कुलर जारी भएको हो।

पछिल्लो समय देशमा उत्पन्न विकसित अवस्था र सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै मदेश प्रहरी र मातहतका प्रहरी युनिटहरूलाई हाइ अलर्टमा बस्न भनिएको डिआइजी थपलियाले बताए ।उनका अनुसार प्रहरी मुख्यालयको उक्त निर्देशन पछि अहिले सूक्ष्मरुपमा सबै गतिविधि नियाल्ने काम भइरहेको छ।

उनी भन्छन्, 'आजदेखि हामी सबै राजनीतिक गतिविधि बारे सूक्ष्म हिसाबले सूचना लिने काम सुरु गरेका छौ, बिहानको निर्देशन पछि ८ वटै जिल्लाका प्रहरी प्रमुख (एसपी)साबहरुबाट समन्वय हिसाबले प्रहरी खटाउने कार्य चलिरहेको छ। हाइ अलर्टमा बसेर कडा निगरानीका साथ प्रहरी सक्रियता बढाइको छ।' यसको साथै आजदेखि लागू हुने गरी जिल्ला प्रहरी प्रमुखसहित सम्पूर्ण प्रहरी कर्मचारीको बिदा पनि स्थगित गरिएको उनले जनाए।

करिब सात महिना अगाडि (भदौ)मा भएको जेनजी आन्दोलनको छानबिनका लागि गठित जाँचबुझ आयोगको सिफारिसअनुसार पूर्व प्रधानमन्त्री ओली र तत्कालीन गृहमन्त्री लेखक पक्राउ परेका छन्।

यही विकसित राजनीतिक घटनाक्रमले मधेसमा पनि सुरक्षा चुनौती बढ्ने आशंका गरिएको मधेस प्रहरीले जनाएको छ। पक्राउको विरोधमा प्रदर्शन र आन्दोलनलगायतका कार्यक्रम हुने देखिएपछि मधेस प्रदेशमा पनि हाई अलर्ट जारी भएको डिआइजी थपलिया बताउँछन्।

मधेस प्रदेशमा पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरी गरी ८ वटा जिल्ला छन्। यी ८ वटै जिल्लामा गरी १० बढी प्रहरी जनशक्ति रहेको मधेस प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ।

# रोसी खोलाको बाढीपछि अवरुद्ध बीपी राजमार्ग पुनः सञ्चालन

● टक नेपाल



शुक्रबार साँझदेखि अवरुद्ध बनेको बीपी राजमार्ग पुनः सञ्चालनमा आएको छ। वर्षासँगै रोसी खोलामा आएको बाढीका कारण अवरुद्ध भएको राजमार्ग आइतबार बिहानदेखि सुचारु गरिएको हो।शुक्रबार साँझ परेको वर्षाका कारण रोसी खोलामा आएको बाढीले चौकीडाँडादेखि नेपालथोकसम्मको डाइभर्सन सडक बगाएपछि यातायात आवागमन पूर्ण रूपमा बन्द भएको थियो।

बाढीले डाइभर्सन बगाएपछि शनिबार बिहानैदेखि अस्थायी डाइभर्सन निर्माण गरी नेपालथोकदेखि चौकीडाँडासम्म फसेका सवारी साधनलाई सुरक्षित स्थानमा सारिएको थियो। जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका अनुसार शुक्रबार साँझदेखि पूर्ण रूपमा अवरुद्ध रहेको राजमार्ग आइतबार बिहानदेखि पुनः सञ्चालनमा आएको हो।

प्रहरीले मौसमको प्रतिकूलतालाई ध्यानमा राखी सावधानीपूर्वक यात्रा गर्न अनुरोध गरेको छ। सडक डिभिजन भक्तपुरका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशका अनुसार बाढीले बगाएको डाइभर्सन पुनर्निर्माण गरेपछि आइतबार बिहानदेखि नियमित रूपमा सवारी आवागमन सञ्चालन गरिएको हो।

उहाँका अनुसार शनिबार साँझसम्म डाइभर्सन निर्माण गरी फसेका सवारी साधन निकालिएको र आइतबार बिहानदेखि अन्य सवारी साधन सञ्चालनमा आएका छन्।

शुक्रबारको बाढीले चौकीडाँडा, कटुञ्जे घुमाउने, चारसयबेशी, गिम्दी, चिउरीबास, बोक्सीकुना, कालढुङ्गा, डालाबेशी र पिप्ले-सुख्खापहिरो क्षेत्रमा गरी करिब पाँच किलो मिटर डाइभर्सन सडक वासआउट भएको थियो। ती स्थानमा पुनः डाइभर्सन निर्माण गरी यातायात सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो।

गत वर्ष असोज दोस्रो साताको बाढीका कारण एक नम्बर पुलदेखि नेपालथोकसम्मको २८ किलोमिटर सडकमा क्षति पुगेको थियो। काभ्रेपलाञ्चोकतर्फ २५ किलोमिटर सडक प्रभावित भएको थियो।

हाल उक्त राजमार्गको काभ्रेपलाञ्चोकतर्फ चार खण्ड र सिन्धुलीतर्फ एक खण्डमा पुनर्निर्माणको काम भइरहेको छ। डालाबेशीदेखि चारसयबेशीसम्मको ८।५ किलोमिटर सडक पुनर्निर्माणका लागि खानी-कमलजीत-एवान जेभीसँग एक अर्ब २२ करोड रुपियाँ र चारसयबेशीदेखि भकुण्डेबेशीसम्मको ११ किलोमिटर सडकका लागि लामा-नवकान्तिपुर जेभीसँग एक अर्ब १४ करोड रुपियाँमा ठेक्का सम्झौता भई काम भइरहेको छ।

त्यस्तै, डालाबेशीदेखि सुख्खापहिरोसम्मको २।३ किलोमिटर सडक पुनर्निर्माणका लागि उमा-भण्डारी-अमरज्योति जेभीसँग ६८ करोड ५८ लाख रुपियाँमा सम्झौता भई काम सुरु भएको छ। पिप्ले (सुख्खापहिरो)देखि डालाबेशीसम्मको करिब ३।२२ किलोमिटर सडक पुनर्निर्माणको काम जाइकाले गर्ने भए पनि सो खण्डमा काम अझै सुरु भएको छैन।

हाल पुनर्निर्माण भइरहेका तीन खण्डमा करिब २६ प्रतिशत भौतिक प्रगति भएको सडक डिभिजन भक्तपुरले जनाएको छ। आगामी वर्षायाममा खोलाको साविक बहावबाटै सवारी सञ्चालन हुने गरी काम अगाडि बढाइएको कार्यालयले जनाएको छ।




जनहितमा जारी

❖ बिना अनुमति बोडिङ नगनुहोस्।
❖ भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्या(उँछ।
❖ जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
❖ खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआं।
❖ सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
❖ गहिो बोडिङ गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
❖ अनियन्त्रित बोडिङले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
❖ सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
❖ बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
❖ पानीको सिाइकल पुन:प्रयोग प्रविधि प्रयोगमा ल्याआं।
❖ कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआं।
❖ जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
❖ 'जल छ भने जीवन छ' भन्ने कुालाइ व्यवहामा उतां।



बर्दिवास नगरपालिका,महोत्तरी

परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?

यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-

- सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने
- सङ्क्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने
- लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने
- घर वरपर पानी जम्न नदिने

धनुषाधाम नगरपालिका , धनषा , मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014